## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

### नगर कार्यपालिका वैठक, वैठक संख्या १/०८०/०८१

आज मिति २०८० साल श्रावण १६ गते, मंगलबार बिहान ८:०० बजे धरान उपमहानगरपालिका कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा वस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री मातृका भट्टराई | प्रमुख प्रशासकीय अधिकृत(सचिव) | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | डम्बर बहादुर अधिकारी | मा० वा० अध्यक्ष | | |
| २ | [illegible] | [illegible] | | |

मिति २०८०/०४/१६ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरुः

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २६ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **डेङ्गु रोगको रोकथाम तथा उपचार सम्बन्धमाः-**

हाल केहि महिना देखि व्यापकरुपमा फैलिएको र केही ज्यान समेत लिइसकेको डेङ्गु रोगको प्रकोप धरान नगर क्षेत्रमा अत्याधिक मात्रामा बढेको छ। धरान नगर क्षेत्रमा महामारीको रुपमा फैलिएको एडिज एजिप्टाइ नामक लामखुट्टेको टोकाईबाट सर्ने डेङ्गु रोगको रोकथाम साथै उच्च सर्तकता अपनाउन तपसिल बमोजिमको निर्णय गर्ने।

<u>तपसिल</u>

- ✓ डेङ्गु रोगको नियन्त्रणका लागि वडा कार्यालय अन्तर्गत रहेका टोल विकास संस्थाहरुलाई खोज र नष्ट गर्ने अभियान सञ्चालनका लागि परिचालन गर्ने।
- ✓ धरान उपमहानगरपालिका अन्तर्गत रहि कार्यरत रहेका स्वास्थ्य स्वयंसेविकाहरुबाट धरान स्थित रहेका विभिन्न चोकचोकहरुमा डेङ्गु रोग सम्बन्धी जनचेतना अभियान सञ्चालन गर्ने।
- ✓ डेङ्गु रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक सामाग्रीहरु उक्त कार्यमा खटिने स्वास्थ्यकर्मीहरुलाई उपलब्ध गराउने।
- ✓ धरान-८ सभागृहमा डेङ्गु ज्वरो रोगको निशुल्क परीक्षण शिविर सञ्चालन गर्ने।
- ✓ धरान-१ स्थीत धरान स्वास्थ्य चौकीमा अस्थायी डेङ्गु उपचार केन्द्र स्थापना गर्ने।
- ✓ धरान स्थित रहेका सबै वडाहरु (१-२०) मा वडा कार्यालयको जनप्रतिनिधिहरुको अगुवाईमा आ-आफ्नो वडाका टोल विकास संस्था, वडामा रहेका क्रियाशिल सदस्यहरु, टोलवासी, विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई मिति २०८०।०४।१७ गते बुधावार विहान ७ बजे देखि एकै समयमा आ-आफ्नो वडा, चोकमा खोज र नष्ट गर्ने अभियान सञ्चालन गर्ने साथै उक्त दिन धरान स्थित रहेका सम्पूर्ण सरकारी तथा नीजि विद्यालयहरु विदा दिने।

३. **सर्वपक्षिय सर्वदलिय भेला सम्बन्धमाः-**

आज मिति २०८०।०४।१६ गते दिनको २ बजे डेङ्गु रोगको रोकथाम तथा नियन्त्रणका लागि धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सर्वदलिय सर्वपक्षिय भेला गर्ने निर्णय गरियो।

४. **आ.व. २०८०।८१ को नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा।**

आ.ब. २०८०।८१ का लागि जिल्ला दररेट निर्धारण समिति, सुनसरीले पारित गरेको दररेटलाई नै धरान उपमहानगरपालिका भित्र प्रयोग हुने आवश्यक निर्माण सामाग्री कामदारको ज्याला ढुवानी मेसिन तथा उपकरणको भाडा लगायतको पेश भएको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत नगर दररेट प्रमाणित गरी छुट्टै राखिएको छ।

५. **बजार अनुगमन गर्ने सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका क्षेत्र भित्र हाल डेङ्गु रोग फैलिएको अवस्थामा पानी, जुस, मासुजन्य पदार्थ (खसीको खुट्टाहरु) को अस्वाभाविक मुल्य लिइ विक्रि वितरण गरिएको भनि जनगुनासो आएको सन्दर्भमा यस उपमहानगरपालिकाबाट अनुगमन तिब्र पारी त्यस्ता अस्वाभाविक मुल्य लिने उपर प्रचलित ऐन अनुसार कार्वाहि गर्ने।